बागमती प्रदेश सरकार
संस्कृति तथा पर्यटन मन्त्रालय

# पर्यटन विकास आयोजना

हेटौंडा, मकवानपुर, नेपाल

## इन्जिनियर तथा सव-इन्जिनियर सेवा करारमा लिने सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०७९/०५/२९ गते)

बागमती प्रदेश सरकार, संस्कृति तथा पर्यटन मन्त्रालय मातहतको यस पर्यटन विकास आयोजना, हेटौंडा, मकवानपुर र पर्यटन विकास आयोजना, इकाई कार्यालय, काठमाण्डौमा आ.व.२०७९/८० को लागि स्वीकृत तपसिलका अस्थायी दरबन्दीमा इन्जिनियर र सव-इन्जिनियरको पदहरुमा २०८० असार मसान्तसम्मका लागि सेवा करारमा लिनु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट रु.१०/- को टिकट टाँसी आवेदनसाथ संलग्न गर्नुपर्ने कागजातसहित यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र आवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ । यो सूचना र यस सम्बन्धी आवेदन फारमको ढाँचा संस्कृति तथा पर्यटन मन्त्रालय, बागमती प्रदेश, हेटौंडाको सूचनापाटी र वेबसाईट https://mocat.bagamati.gov.np र पर्यटन विकास आयोजना, हेटौंडाको सूचनापाटी र वेबसाईट https://tdp.p3.gov.np मा राखिएको छ ।

तपसिल

| विज्ञापन नं. | पद | तह | सेवा | समूह | माग पद संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १/२०७९-८० | इन्जिनियर | अधिकृतस्तर सातौं | इन्जिनियरिङ्ग | सिभिल | ५ | |
| २/२०७९-८० | सव-इन्जिनियर | सहायकस्तर पाँचौं | इन्जिनियरिङ्ग | सिभिल | १९ | |

**छनौटको आधारः-** अन्तर्वार्ता ।

संक्षिप्त सूची (Short List) मा परेका उम्मेदवारलाई अन्तर्वार्ताको लागि बोलाइने छ । संक्षिप्त सूची (Short List) मा परेका आवेदकहरुको नामावलीको सूचना मन्त्रालय तथा आयोजनाको सूचनापाटी र वेबसाईटमा राखिनेछ ।

**उम्मेदवारको उमेर हदः-** (१.) इन्जिनियरको हकमा २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
(२.) सव-इन्जिनियरको हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

**उम्मेदवारले काम गर्नुपर्ने कार्यालयः-**संस्कृति तथा पर्यटन मन्त्रालय अन्तर्गत पर्यटन विकास आयोजना, हेटौंडा र इकाई कार्यालय, काठमाण्डौ।
**कार्य क्षेत्रः-** बागमती प्रदेश भित्रका १३ जिल्ला ।

**विस्तृत विवरणः-** यस मन्त्रालयको वेबसाईट https://mocat.bagamati.gov.np र पर्यटन विकास आयोजना, हेटौंडाको वेबसाईट https://tdp.p3.gov.np मा हेर्न सकिन्छ ।

**आवश्यक न्यूनतम शैक्षिक योग्यताः-**

(१) इन्जिनियरको लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट न्यूनतम B.E. (Civil Engineering) पास ।
(२) सव-इन्जिनियर पदको लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट न्यूनतम Civil Engineering विषयमा प्रविणता प्रमाणपत्र तह (Proficiency Certificate Level) वा Diploma पास ।

**तलब सुविधाः-** बागमती प्रदेश सरकारको समान तहको प्रचलित शुरु तलब मान ।

**सेवा सुविधा तथा गर्नुपर्ने कामः-** सम्झौतामा तोकिएको शर्त र कार्य विवरण बमोजिम ।

**आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः-** (क) न्यूनतम तथा माथिल्लो शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी (ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी (ग) B.E. Civil Engineering को हकमा Nepal Engineering Council बाट प्राप्त दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी (घ) चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपी (ङ) विदेशी शैक्षिक संस्थाबाट अध्ययन गरेको हकमा समकक्षता (इक्विभेलेन्स) प्रमाणपत्रको प्रमाणित प्रतिलिपी (च) कार्य अनुभवको कागजात भए सोको प्रमाणित प्रतिलिपी ।

<u>नोटः-</u> प्रतिलिपीहरु नोटरी पब्लिकबाट प्रमाणित भएको हुनु पर्नेछ ।

**आवेदन फारमः-** मन्त्रालय तथा यस आयोजनाको वेबसाईटबाट डाउनलोड गरी उक्त फाराम भरी पेश गर्नु पर्नेछ ।

**अन्तर्वार्ता हुने स्थान तथा मितिः-** मन्त्रालय तथा पर्यटन विकास आयोजनाको वेबसाईट वा सूचना पाटीमा राखिनेछ।

**आवेदन बुझाउने स्थानः-** कार्यालय समयभित्र संस्कृति तथा पर्यटन मन्त्रालय, बागमती प्रदेश, हेटौंडा, पर्यटन विकास आयोजना, हेटौंडा र इकाई कार्यालय, काठमाण्डौमा बुझाउन सकिनेछ । रितपूर्वक प्राप्त नभएको दरखास्त उपर कुनै कारवाही हुने छैन । यसमा लेखिए देखि बाहेक अन्य कुराहरु छनौट तथा सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**थप जानकारीको लागि यस मो. नं. ९८४५०५७४६२ र ९८५५०१६८१० मा सम्पर्क गर्न सकिनेछ ।**

(आयोजना प्रमुख)

विष्णु बहादुर भण्डारी
आयोजना प्रमुख

दरखास्त फारामको ढाँचा

| रु.१०/- को हुलाक टिकट |
|---|

बागमती प्रदेश सरकार संस्कृति तथा पर्यटन मन्त्रालय पर्यटन विकास आयोजना हेटौंडा, नेपाल

विष्णु बहादुर भण्डारी
आयोजना प्रमुख

| हालसालै खिचेको पासपोर्ट साईजको पूरै मुखाकृति देखिने फोटो यहाँ टाँस्ने र फोटो र फाराममा पर्ने गरी उम्मेदवारले दस्तखत |
|---|

श्रीमान् आयोजना प्रमुखज्यू,
पर्यटन विकास आयोजना, हेटौंडा, मकवानपुर ।

मितिः- २०७९/..../....

विषयः-इन्जिनियर/सब-इन्जिनियर सेवा करारको लागि दरखास्त सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा त्यस आयोजनाको मिति २०७९/०५/२९ को हेटौंडा सन्देश राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार म त्यस आयोजना अन्तर्गत ... ... ... ... ... ... ... (दरखास्त दिन चाहेको पद नाम खुलाउने) सेवा करारमा कामकाज गर्न इच्छुक भएकोले मेरो निम्न विवरण खुलाई यो निवेदन पेश गरेको छु ।

**(क) वैयक्तिक विवरणः-**

| | | | | | |
|---|---|---|---|---|---|
| नाम थर, वतन, नागरिकता | नाम थर | (देवनागरीमा) | | | |
| | | (अंग्रेजी ठूलो अक्षरमा) | | | लिङ्गः |
| | नागरिकता नंः | | जारी गर्ने जिल्लाः | | मितिः |
| स्थायी ठेगाना | क) जिल्लाः | | ख) न.पा./गा.पा.: | | ग) वडा नंः |
| | घ) टोलः | | ङ) मार्ग/घर नं.: | | च) फो नं.: |
| पत्राचार गर्ने ठेगानाः- | | | | | |
| मोबाईल नं.:- | | | ईमेलः- | | |
| उम्मेदवारको जन्म मितिः ...................................(वि.सं.मा) | | | | .................................(ईस्वी सम्वतमा) | |
| उम्मेदवारको हालको उमेरः- वर्षः .......... महिनाः ............ | | | | | |
| बाबुको नाम, थरः | | | | | |
| बाजेको नाम, थरः | | | | | |

**(ख) शैक्षिक योग्यताः-**

| आवश्यक न्यूनतम योग्यता र माथिल्लो योग्यता | विश्वविद्यालय/बोर्ड | शैक्षिक उपाधि | संकाय | श्रेणी/प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| न्यूनतम शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| माथिल्लो शैक्षिक योग्यता | | | | | |
| | | | | | |

बागमती प्रदेश सरकार
संस्कृति तथा पर्यटन मन्त्रालय
पर्यटन विकास आयोजना,
हेटौंडा, नेपाल

विष्णु बहादुर भण्डारी
आयोजना प्रमुख

(ग) अनुभव सम्बन्धी विवरणः-

| कार्यालय | पद | सेवा/समूह/उपसमूह | तह | स्थायी/अस्थायी/करार | अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन् । दरखास्त बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन। कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/बुझाउनेछु । साथै करारमा उल्लेखित शर्तहरु पूर्ण रुपमा पालना गर्नेछु र करारको समयभन्दा अगावै करारको अन्त्य गर्दा कम्तिमा एक महिनाको पूर्व सूचना दिई कार्यालयमा निवेदन दिनेछु।

<table>
<tr><td colspan="2">उम्मेदवारको ल्याप्चे सही छाप</td><td rowspan="3">उम्मेदवारको नाम थरः-<br>उम्मेदवारको दस्तखतः-</td></tr>
<tr><td>दायाँ</td><td>बायाँ</td></tr>
<tr><td rowspan="2"></td><td rowspan="2"></td></tr>
<tr><td>मितिः</td></tr>
<tr><td colspan="3">कार्यालयले भर्नेः</td></tr>
<tr><td colspan="2">दर्ता नं.:-</td><td>मितिः-</td></tr>
<tr><td colspan="3">दरखास्त अस्वीकृत भए सोको कारण :</td></tr>
<tr><td colspan="2">दरखास्त रुजु गर्नेकोः-<br>दस्तखतः<br>नामः<br>पदः<br>मिति :</td><td>दरखास्त स्वीकृत/अस्वीकृत गर्नेकोः-<br>दस्तखतः<br>नामः<br>पदः<br>मिति :</td></tr>
</table>

__द्रष्टव्यः__ दरखास्त साथ सूचनामा उल्लेखित लगायत निम्न लिखित कागजातहरु अनिवार्य रुपमा नोटरी पब्लिकबाट प्रमाणित भएको पेश गर्नु पर्नेछः- (क) न्यूनतम तथा माथिल्लो शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी (ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी (ग) B.E. Civil Engineering को हकमा Nepal Engineering Council बाट प्राप्त दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी (घ) चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपी (ङ) विदेशी शैक्षिक संस्थाबाट अध्ययन गरेको हकमा समकक्षता (इक्विभेलेन्स) प्रमाणपत्रको प्रमाणित प्रतिलिपी (च) कार्य अनुभवको कागजात भए सोको प्रमाणित प्रतिलिपी ।